फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लक्ष्मिनिया दो., रौतहट
मधेश प्रदेश, नेपाल

मिति २०७९/०९/१९

## राष्ट्रिय परिचय पत्र सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा यस फतुवा विजयपुर नगरपालिकाको कार्यालयमा मिति २०७९/०९/२० गते देखी फोटो सहितको राष्ट्रिय परिचयपत्रको दरखास्त फारम भर्ने कार्य सुचारु हुनेभएकोले ईच्छुक व्यक्तिहरुले देहायको आवश्यक कागजात सहित नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु**

१.नेपाली नागरिकता प्रमाणपत्र को सक्कल प्रति (२०५८ पछीको नागरिकताको हकमा स्टीकर नभएको मान्य नहुने)

२.नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा सो खुल्ने प्रमाण पत्र(राहदानी,शैक्षिक प्रमाण पत्र, सा.सु. भत्ता को कार्ड ),

३.बाबु/आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (उपलब्ध भएसम्म),

४.राहदानी लिएको भए सोको सक्कल प्रति,

५.बसाई/सराई गरेको हकमा बसाईसराई दर्ताको प्रमाणपत्रको सक्कल प्रति,

६.बिबाहितको हकमा नागरिकता प्रमाण पत्रमा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ताको प्रमाणपत्रको सक्कल प्रति,

७.श्रीमान/श्रीमती मध्ये कुनै एकको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्रको सक्कल प्रति,

**नोटः**-एक पटक विवरण भरे पश्चात अर्को विवरण भर्न नमिल्ने तथा पुनःसच्याउन नमिल्ने भएको हुँदा राष्ट्रिय परिचयपत्रको फोटो खिचिसके पछी पाईने भर्पाई कागज राम्रोसँग आफुले हेरेर मात्र रुजु गराउनु होला । साथै यस नगरपालिकाको विभिन्न वडाहरुको राष्ट्रिय परिचयपत्र बनाउने कार्य तपसिल बमोजिमको तालिका अनुसार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क.सं. | वडा नम्बर | मिति देखी | मिति सम्म | कैफियत |
|---|---|---|---|---|
| १ | ११ | २०७९/०९/२० | २०७९/०९/२६ | |
| २ | १० | २०७९/०९/२७ | २०७९/१०/०४ | |
| ३. | ९ | २०७९/१०/०५ | २०७९/१०/१० | |
| ४. | ८. | २०७९/१०/११ | २०७९/१०/१६ | |

| | | | | |
|---|---|---|---|---|
| ५. | ७. | २०७९/१०/१७ | २०७९/१०/२२ | |
| ६. | ६. | २०७९/१०/२३ | २०७९/१०/२७ | |
| ७. | ५. | २०७९/१०/२९ | २०७९/११/०४ | |
| ८. | ४. | २०७९/११/०५ | २०७९/११/१० | |
| ९. | ३. | २०७९/११/११ | २०७९/११/१६ | |
| १०. | २. | २०७९/११/१७ | २०७९/११/२६ | |
| ११. | १. | २०७९/११/२८ | २०७९/१२/०२ | |

शम्भु कुमार यादव
नि.प्रमुख प्रशासकीय अधिकृत